आठराई गाउँपालिका

# आठराई राजपत्र

## आठराई गाउँपालिकाबाट प्रकाशित

खण्ड:५) संक्रान्तिबजार,तेह्रथुम, आषाढ ३० गते,२०८० साल(संख्या:८)

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७९।१०।१९

## भाग २

## आठराई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,संक्रान्तिबजार,तेह्रथुम

### आठराई गाउँपालिका खानेपानी व्यवस्थापन कार्यविधी-२०७९

आठराई गाउँपालिका खानेपानी व्यवस्थापन कार्यविधी-२०७९

## परिच्छेद-१
## प्रारम्भिक

**प्रस्तावना -** आठराई गाउँपालिकाका नागरिकहरुलाई आवश्यक स्वच्छ खानेपानीको पहुँचमा सुनिश्चितता प्रदान गर्न, खानेपानी लाभग्राही उपभोक्ता समितिहरुको गठन, उचित व्यवस्थापन, संचालन तथा नियमन गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड झ (५) र खण्ड ध (१) र (२) मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले दफा १०२ को उपदफा (२) बमोजिम आठराई गाउँपालिका गाउँ कार्यपालिकाले यो "आठराई गाउँपालिका खानेपानी व्यवस्थापन कार्यविधी-२०७९" तर्जुमा गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** - (क) यो कार्यविधीको नाम "आठराई गाउँपालिका खानेपानी व्यवस्थापन कार्यविधी-२०७९" रहेको छ ।

(ख) यो कार्यविधी आठराई गाउँपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा -

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले आठराई गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले आठराई गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले आठराई गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले आठराई गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "उपभोक्ता" भन्नाले खानेपानी सेवा लिने वा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ । उपभोक्ता संख्या गणना गर्दा १ घरका १ उपभोक्ताको आधारमा गणना गरिनेछ ।

(ज) "खानेपानी" भन्नाले गाउँपालिका क्षेत्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको व्यक्तिगत वा सामुहिक रुपमा प्रयोग हुने खानेपानीलाई जनाउँदछ । सो शब्दले घरेलु प्रयोजनको लागि खाद्यान्न, पशुपंक्षी, फलफुल, तरकारी एवम् व्यवसायमा प्रयोग हुने पानी समेतलाई सम्झनु पर्दछ ।

(झ) "उपभोक्ता समिति" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, वैदेशिक सरकार वा संस्था आदिको लगानीमा निर्मित वा संचालित खानेपानी योजनाको वा व्यक्तिगत तथा सार्वजनिक खानेपानी उपयोग गर्ने लाभग्राही व्यक्तिको समूहलाई सम्झनु पर्दछ ।

(ञ) "सेवा शुल्क" भन्नाले खानेपानीको सेवा उपयोग गरे वापत उपलब्ध गराएको शुल्कलाई सम्झनु पर्दछ ।

(ट) "सम्पति" भन्नाले चल अचल दुवै प्रकारको सम्पतिलाई सम्झनु पर्दछ ।

(ठ) "निजी उपभोक्ता" भन्नाले व्यक्तिगत रुपमा खानेपानी उपभोग गर्ने उपभोक्तालाई सम्झनु पर्दछ ।

(ड) "संयुक्त उपभोक्ता" भन्नाले एक भन्दा बढी व्यक्ति वा घर धुरी भई खानेपानी उपभोग गर्ने उपभोक्तालाई सम्झनु पर्दछ ।

(ढ) "संगोलको उपभोक्ता" भन्नाले अंश लिई भिन्न बसेका १ भन्दा बढी उपभोक्तालाई सम्झनु पर्दछ ।

(ण) "सामूहिक उपभोक्ता" भन्नाले १ भन्दा बढी सामाजिक तथा सामूहिक रुपमा खानेपानी उपभोग गर्ने उपभोक्तालाई सम्झनु पर्दछ ।

(ट) "संस्थागत उपभोक्ता" भन्नाले कानून बमोजिम सरकारी तथा गैरसरकारी संस्थाको रुपमा स्थापित संस्थाका साथै अनौपचारिक रुपमा संचालित संस्थाको रुपमा खानेपानी उपभोग गर्ने उपभोक्तालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## खानेपानी स्वामित्व तथा उपयोग

**३. श्रोतको स्वामित्व -** (१) आठराई गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र उत्पन्न भएको वा हुने, बगेका वा बग्ने नदी, खोला, खोल्सा-खोल्सी, मुहान, कुवा, पोखरी वा यस्तै प्रकृतिका पानीको श्रोत यस गाउँपालिकाको स्वामित्वमा रहनेछन् ।

(२) उपबुँदा (१) बमोजिमको श्रोतलाई गाउँपालिका आफै वा उपभोक्ता समिति मार्फत श्रोतको उपयोग, संरक्षण, खानेपानी वितरण, संचालन, नियमन तथा अन्य व्यवस्थापन गर्न वा गराउन सक्नेछ ।

(३) उपबुँदा (२) बमोजिमको उपभोक्ता समितिलाई कुनै पानीको श्रोत उपयोग संरक्षण, खानेपानी वितरण, संचालन, नियमन तथा अन्य व्यवस्थापनको लागी जिम्मा दिदाँ कुनै पक्षलाई पानीको उपयोग गर्ने अधिकारबाट बञ्चित गरी जिम्मा दिइने छैन ।

**४. खानेपानी उपयोगको प्राथमिकता -** (१) खानेपानीको उपयोगको प्राथमिकता निम्नानुसार हुनेछ ।

(क) खानेपानी र घरेलु उपयोग
(ख) सिचाँई
(ग) पशु पालन, मत्स्य पालन जस्ता कृषिजन्य उपयोग
(घ) जलविद्युत
(ङ) घरेलु उद्योग, औद्योगित व्यवसाय तथा खानीजन्य उपयोग
(च) जल यातायात
(छ) आमोद प्रमोदजन्य उपयोग
(ज) अन्य उपयोग

(२) एउटै श्रोतबाट एक भन्दा बढी क्षेत्रमा उपभोक्ताले पानीको उपयोग गर्नुपर्ने अवस्थामा माथिल्लो क्षेत्रका खानेपानी उपभोक्ताले पिउने प्रयोजनका लागि पानीको उपयोग गरे पश्चात तल्लो क्षेत्रका उपभोक्तालाई छोडिदिनु पर्नेछ । तल्लो क्षेत्रका उपभोक्तालाई पिउने पानी पुगेपछि मात्र माथिल्लो क्षेत्रका उपभोक्ताले उपदफा (१) को प्राथमिकताक्रम अनुसारको अन्य प्रयोजनका लागि उपयोग गर्न पाउनेछ । यो प्राथमिकता तल्लो क्षेत्रका उपभोक्ता समेतलाई लागु हुनेछ ।

(३) निजी लगानीमा खानेपानी उपयोग गरेका उपभोक्ता र अन्य उपभोक्ता बीच छुट्टै सहमती भएकोमा पिउने प्रयोजनका लागि सोही सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद-३
## समिति गठन, दर्ता, नवीकरण, काम कर्तव्य र अधिकार

**६. उपभोक्ता समिति गठन** - (१) उपभोक्ताको प्रकृति - खानेपानी उपभोक्ताहरु निजी, संयुक्त, संगोल, सामूहिक र संस्थागत रुपमा हुनेछन्।

(२) उपभोक्ता समितिहरु एकल, संयुक्त, संस्थागत समेतका रुपमा रहन सक्नेछन्।

(३) निजी उपभोक्ता बाहेकका अन्य उपभोक्ताहरुले आम भेला गरी आफूहरु मध्येबाट अध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य ४ जना सदस्य रहेको जम्मा ७ जनाको समावेशी आधारमा उपभोक्ता समिति गठन गर्नुपर्नेछ । समिति गठन गर्दा कम्तीमा ३३ प्रतिशत महिला हुनु अनुवार्य हुनेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ पदमा अनिवार्य रुपमा महिला समावेश भएको हुनुपर्नेछ।

(४) उपभोक्ता समितिको गठन शुरुमा सर्वसम्मतबाट गठन हुनेछ। सर्वसम्मतबाट गठन हुन नसकेमा उपस्थित उपभोक्ताको बहुमत सदस्यको समर्थनबाट हुनेछ। बहुमतबाट पनि गठन हुन नसकेमा निर्वाचन प्रणालीबाट गठन हुनेछ।

(५) यस कार्यविधि प्रारम्भ हुँदाका बखत संचालनमा रहेका संघ र प्रदेशको प्रचलित कानून बमोजिम गठित खानेपानी समितिहरु लगायतका अन्य उपभोक्ता समिति गाउँपालिकाको कार्यालयमा दर्ता वा नविकरण गर्नुपर्नेछ।

(६) यस गाउँपालिकाले खानेपानी सम्बन्धी कुनै योजनागत रकम वा कुनै प्रकारको अनुदान उपलब्ध गराउनुपर्दा सो क्षेत्रमा यस कार्यविधि बमोजिम गठन र नविकरण भएका उपभोक्ता समितिबाट मात्र कार्यक्रम संचालन गर्ने वा रकम उपलब्ध गराउनेछ।

**७. उपभोक्ता समितिको कार्यकाल** - उपभोक्ता समितिको कार्यकाल २ वर्षको हुनेछ।

**८. उपभोक्ता समिति दर्ता तथा नविकरण** - (१) सबै खानेपानी उपभोक्ता समितिहरु यस कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र गाउँ पालिकामा दर्ता भएको हुनुपर्नेछ।

(२) यो कार्यविधि प्रारम्भ भएका बखत कायम रहेका बुँदा नं. ६ को उपबुँदा ५ बमोजिमका समिति यो कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र गाउँपालिकाको कार्यालयमा दर्ता वा नवीकरण हुनुपर्नेछ।

(३) उपभोक्ता समितिहरु यस गाउँपालिकामा दर्ता नगरी संचालन गर्न पाइने छैन।

(४) दर्ता भएका उपभोक्ता समितिहरु प्रत्येक आर्थिक वर्ष समाप्त भए पछिको ३ महिना भित्र यस गाउँपालिकामा नवीकरण गर्नुपर्नेछ। ३ महिना भित्र नवीकरण नगर्ने उपभोक्ता समितिलाई नवीकरणको दोब्बर दस्तुर लिई त्यस पछिको ३ महिना भित्र नवीकरण गर्न सकिनेछ। दोब्बर दस्तुरको समयावधि भित्र समेत नवीकरण नगर्ने समितिलाई त्यस पछिको ३ महिना सम्ममा तेब्बर दस्तुर लिई अन्तिम पटकलाई नवीकरण गर्न सकिने र सो समय भित्र समेत नवीकरण नगर्ने समिति स्वत खारेज भएको मानिनेछ।

(५) म्याद भित्र दर्ता र नवीकरण नभएका समितिहरुलाई गाउँपालिकाले कुनै पनि लगानी गर्ने छैन र त्यस्ता समितिलाई खारेज गरी अर्को समिति गठन गर्न लगाउन सक्नेछ। उपभोक्ता समितिको दर्ता प्रमाण-पत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

(६) खानेपानी उपभोक्ता समिति दर्ता र नवीकरण गर्दा लाग्ने दस्तुर पहिलो पटक गाउँ कार्यपालिकाले र त्यस पछि गाउँ सभाले सालबसाली रुपमा तोके बमोजिम हुनेछ।

(७) बुदाँ ६ को उपबुँदा ५ बमोजिम दर्ता वा नवीकरण नभइ निस्कृय रहेका खानेपानी समितिको सम्पूर्ण सम्पति र कानून बमोजिमको दायित्व यो कार्यविधि प्रारम्भ भए पश्चात गठन भएको समितिमा सर्नेछ।

**९. उपभोक्ता समिति दर्ताका लागि आवश्यक कागजात -** (१) दर्ता हुनका लागि उपभोक्ता समितिले देहायको विवरण सहितका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) समितिको विधान,

(ख) उपभोक्ता समितिको पूरा नाम र ठेगाना,

(ग) आम भेलाबाट समिति गठन भएको आधिकारिक निर्णय,

(घ) चार किल्ला सिमाना,

(ङ) घरधुरी संख्या र उपभोक्ताको नाम नामेसी विवरण, समितिका सदस्यहरुको नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी,

(च) सम्बन्धित वडाको सिफारिस पत्र,

(छ) समितिले प्रयोग गर्ने पानीको श्रोत अन्य क्षेत्रका उपभोक्ताले समेत उपयोग गर्ने रहेछन् भने पानी बाँडफाडको समूचित वितरणको व्यवस्था मिलाउने तथा अन्य,

(ज) समितिले प्रयोग गर्ने पानीको श्रोत अन्य क्षेत्रका उपभोक्ताले समेत उपयोग गर्ने रहेछन् भने पानी बाँडफाडको समूचित वितरणको व्यवस्था मिलाउने तथा अन्य,

**१०. बैठक र कार्यप्रणाली -** (१) उपभोक्ता समितिको बैठक र कार्यप्रणाली समितिको विधानमा तोकिए बमोजिम हुनेछ।

**११. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार -** खानेपानी उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

(क) यस कार्यविधिको पूर्ण पालना गर्नु,

(ख) समितिको विधान पालना गर्नु,

(ग) उपभोक्ताको अध्यावधिक विवरण राख्नु,

(घ) खानेपानी शुल्क संकलन गर्नु,

(ङ) खानेपानी वितरण प्रणाली प्रभावकारी रुपमा संचालन गर्नु,

(च) खानेपानीको गुणस्तर कायम गर्नु गराउनु, खानेपानीको मुहान समय समयमा सरसफाई गर्नु,

(छ) भौतिक पूर्वाधार/मर्मत संभारको व्यवस्था गर्नु,

(ज) गाउँपालिकाले तोकेको अन्य काम गर्नु।

## परिच्छेद-४

## पानी बाँडफाँड, पाईप विच्छ्याउने तथा समिति एकीकरण

**१२. पानीको बाँडफाँड तथा वितरण सम्बन्धी व्यवस्था -** खानेपानीको एउटै मुहानबाट पानीको बाँडफाँड गरी गठन भएका १ भन्दा बढी उपभोक्ता समिति दर्ता भएमा पानीको श्रोत र उपभोक्ताको संख्याको आधारमा समानुपातिक बाँडफाँड गरी प्रयोग गर्नु गराउनु पर्नेछ। यस सम्बन्धी दायित्व सम्बन्धीत उपभोक्ता समितिको हुनेछ।

**१३. खानेपानीका पाईप विच्छयाउने व्यवस्था -** (१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत कायम रहेका वा पछि बन्ने उपभोक्ता समितिले संचालन गरेका खानेपानीका लागि प्रयोग गरेका तर जमिनमुनी नविछ्याइएका सबै प्रकारका पाईपहरु सम्बन्धित उपभोक्ता समितिले ६ महिना भित्र जमिन मूनी कम्तीमा ३ फिट दबाई पुरेको हुनुपर्दछ।

(२) उपबुँदा नं (१) बमोजिम जमिन मुनी नविछयाई जमिनको सतहमा अव्यवस्थित रुपमा राखिएका पाईपहरु हटाउन दिएको समयभित्र हटाउनु पर्नेछ। सो समय भित्र नहटाएमा गाउँपालिकाले हटाईदिन वा जफत गर्न सक्नेछ। गाउँपालिकाले हटाइदिएको वा जफत गरेको कारण पर्न जाने सबै प्रकारको नोक्सानीको जिम्मेवारी सम्बन्धित उपभोक्ता वा समितिले लिनुपर्नेछ।

**१४. एकीकृत खानेपानी समितिको व्यवस्था -** (१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत गठन तथा संचालन भएका बजार क्षेत्रका उपभोक्ता समितिहरुमध्ये २०० भन्दा कम उपभोक्ता समिति भएका र ग्रामिण क्षेत्रका ५० भन्दा कम उपभोक्ता भएका भूगोल मिलेका वा सिमाना जोडिएका समितिहरु लाभ लागतका आधारमा एकीकृत हुनुपर्नेछ ।

(२) उपबुँदा नं (१) बमोजिम एकिकरण भएका उपभोक्ता र समितिका लागि यस गाउँपालिकाले विशेष सहुलियतको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-५
## कोष तथा लेखा परीक्षण

**१५. उपभोक्ता समितिको कोष व्यवस्थापन -** प्रत्येक खानेपानी उपभोक्ता समितिको एक कोष हुनेछ । सो कोषमा देहायको रकम रहनेछ ।

(क) खानेपानी उपभोक्ताबाट संकलित सेवा शुल्क,

(ख) गाउँपालिकाबाट सो समितिलाई उपलब्ध गराएको योजनागत वा अनुदानको रकम,

(ग) कुनै व्यक्ति वा संघ संस्था वा कुनै दातृ निकायबाट प्राप्त रकम,

(घ) कानून बमोजिम प्राप्त कुनै रकम,

(ङ) ब्याज प्राप्त रकम तथा समितिमा बचत भएको अन्य कुनै रकम ।

**१६. खाता संचालन तथा खर्च क्षेत्र सम्बन्धी व्यवस्था -** (१) खानेपानी उपभोक्ता समितिको कोषको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) बुँदा नं. (१५) बमोजिमको कोषमा जम्मा भएको रकमबाट समितिको निर्णय बमोजिम देहायको क्षेत्रमा मात्र खर्च गर्न पाइनेछ ।

(क) खानेपानीको योजना संचालन गर्न,

(ख) खानेपानी योजनाको मर्मत संभार गर्न,

(ग) पारिश्रमिक भुक्तानी गर्न,

(घ) अन्य कुनै विकास निर्माण,

(ङ) प्रशासनिक तथा साधारण खर्च गर्न,

(च) आकस्मिक कार्यमा खर्च गर्न ।

(३) कोषको रकम उपबुँदा (२) बमोजिम बाहेकका अन्य क्षेत्रमा खर्च गर्ने उपभोक्ता समितिलाई गाउँपालिकाले खानेपानी सम्बन्धी कुनै योजनागत रकम वा कुनै प्रकारको अनुदान उपलब्ध गराउने छैन । आवश्यक परेमा त्यस्तो समितिलाई गाउँपालिकाले विघटन गरी अर्को समिति गठन गर्न लगाउन सक्नेछ ।

**१७. लेखा, लेखापरीक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था -** (१) खानेपानी उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्षको कारोबार स्पष्ट रुपमा देख्न/बुझ्न सकिने गरी कानून बमोजिमको लेखा र यसको अभिलेख राख्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्षको आर्थिक तथा अन्य कारोबारको लेखाको सो आर्थिक वर्ष सकिएको ३ महिना भित्र दर्तावाल लेखापरिक्षकबाट लेखापरिक्षण गराई कार्तिक महिना भित्र सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) कारोबारको लेखा नराखेको, तोकीएको समय भित्र लेखा परिक्षण नगराएको वा गाउँपालिकामा पेश गर्नुपर्ने प्रतिवेदन पेश नगरेको उपभोक्ता समितिलाई गाउँपालिकाले खानेपानी सम्बन्धी कुनै योजनागत रकम वा कुनै प्रकारको अनुदान

उपलब्ध गराउने छैन । आवश्यक परेमा त्यस्तो समितिलाई गाउँपालिकाले विघटन गरी अर्को समिति गठन गर्न लगाउन सक्नेछ । कुनै हानी नोक्सानी गरेको पाइएमा प्रचलित कानून बमोजिमको कारवाही गरिनेछ ।

## परिच्छेद-६

## गाउँपालिका स्तरीय समिति तथा सेवा शुल्क

**१८. गाउँपालिका स्तरीय विवाद समाधान तथा शुल्क निर्धारण सिफारिस समिति -** (१) खानेपानी सम्बन्धी विवाद समाधान, सेवा शुल्क सिफारिस तथा जग्गा व्यवस्थापन लगायतका विषयमा सृजना भएका समस्या समाधानका लागि गाउँपालिका स्तरीय विवाद समाधान तथा शुल्क निर्धारण सिफारिस समिति रहनेछ । जसमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिकाका खानेपानी सम्बन्धी समितिका संयोजक - सदस्य

(ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको १ जना गाउँ कार्यपालिका महिला सदस्य - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(छ) योजना शाखा प्रमुख - सदस्य सचिव

**१९. खानेपानी शुल्क सम्बन्धी व्यवस्था -** (१) खानेपानी उपभोक्ता समितिमा आवद्ध भई खानेपानीको सेवा उपभोग गरेका उपभोक्ताले सो स्थानमा गठित उपभोक्ता समितिले तोके बमोजिमको मासिक सेवा शुल्क बुझाउनु पर्नेछ ।

(२) गाउँपालिकाले आफै व्यवस्थापनको जिम्मा लिएको खानेपानीका घर धुरी, परिवार तथा उपभोक्ताले गाउँ सभाले साल बसाली रुपमा तोके बमोजिमको मासिक सेवा शुल्क गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(३) दश लाख रुपैयाँ भन्दा बढी लागतको ५० प्रतिशत भन्दा बढी गाउँपालिकाको लगानीमा निर्मित वा संचालित खानेपानीका उपभोक्ताले ५० प्रतिशत मासिक सेवा शुल्क उपभोक्ता समिति मार्फत गाउँपालिकालाई बुझाउनु पर्नेछ । त्यस्तो शुल्क गाउँ सभाले साल बसाली रुपमा तोके बमोजिम हुने र गाउँपालिकामा उक्त सेवा शुल्क बुझाउनुपर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(४) खानेपानी उपभोक्ता समितिलाई बुझाउनुपर्ने शुल्क नबुझाउने उपभोक्तालाई समितिले खानेपानी सेवाबाट बञ्चित गर्न सक्नेछ ।

**२०. सम्पति सर्ने तथा हस्तान्तरण -** (१) खानेपानी उपभोक्ता समिति कुनै कारणले विघटन हुन गएमा सो समितिको सबै प्रकारको सम्पति र कानून बमोजिमको दायित्व सोही मितिबाट गाउँपालिकामा सर्नेछ ।

(२) कुनै खानेपानी योजनाको व्यवस्थापनको जिम्मेवारी गाउँपालिकामा सरेमा सो समितिको सबै प्रकारको सम्पति र कानून बमोजिमको दायित्व सोही मितिबाट गाउँपालिकामा हस्तान्तरण भएको मानिनेछ । यस्तो सम्पति हस्तान्तरण गर्नुपर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

## परिच्छेद-७
## दण्ड-सजाँय तथा विविध

**२१. जरीवाना सम्बन्धि व्यवस्था -** (१) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधिको उलंघन गरेमा गाउँपालिकाले ५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ । कार्यविधिको उलंघन गरेको कारणले कुनै हानी नोक्सानी हुन गएको रहेछ भने गाउँपालिकाले क्षतिपूर्ति समेत भराउन सक्नेछ ।

(२) उपभोक्ता समितिले यो कार्यविधिको उलंघन गरेमा गाउँपालिकाले रुपैयाँ ५ हजार सम्म जरिवाना गरी कुनै हानी नोक्सानी हुन गएको रहेछ भने गाउँपालिकाले क्षतिपूर्ति भराई उक्त समिति विघटन समेत गर्न सक्नेछ ।

(३) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा खानेपानिसँग सम्बन्धित कुनै संरचना भत्काएमा वा कुनै प्रतिकुल असर पारेमा वा हानी नोक्सानी वा त्यस्तै प्रकृतिका अपराध गरेमा यस्तो अपराध गर्नेलाई गाउँपालिकाले रुपैया २५ हजार सम्म र यस्तो अपराधिक कार्यमा दुरुत्साहन दिने वा मतियार हुनेलाई रुपैयाँ १० हजार सम्म जरिवाना गरी कुनै क्षति भएको भए वास्तविक क्षति बरावरको रकम विगो भराई कानून बमोजिम थप कारवाही अगाडी बढाउन सक्नेछ ।

(४) खानेपानी सँग सम्बन्धित अन्य अपराध सम्बन्धी कसुर विरुद्धको कारवाही तथा अन्य कुरा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**२२. यसै कार्यविधि बमोजिम भएको मानिने -** गाउँपालिकामा यो कार्यविधी लागु हुनुभन्दा अघी खानेपानी उपभोक्ता समिति सम्बन्धि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**२३. बाधा अड्काउ फुकाउने अधिकार -** यस कार्यविधी कार्यान्वयन गर्ने शिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**३१. कार्यविधीमा संशोधन वा खारेजी -** यस कार्यविधी कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नुपर्ने वा खारेजी गर्नुपर्ने भएमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन वा खारेजी गर्न सक्नेछ । त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात मात्र  लागु हुनेछ ।

अनुसूची-१
(कार्यविधीको बुदाँ ८ (५) सँग सम्बन्धित)
आठराई गाउँपालिका तेह्रथुम

**खानेपानी उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

दर्ता प्रमाण पत्र नं. : आर्थिक वर्ष : मिति :

श्री...............................................................

..................................................................................।

यस आठराई गाउँपालिका वडा नं. .............. को .................................................................................. स्थानमा गठित ................................................................................ नामको खानेपानी उपभोक्ता समितिलाई यस गाउँपालिकाको "आठराई गाउँपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधि-२०७९" को बुँदा ८ को उपबुँदा ५ बमोजिम मिति ....................................... मा दर्ता गरी यो प्रमाण-पत्र उपलब्ध गराईएको छ।

**प्रमाण-पत्र उपलब्ध गराउनेको**

दस्तखत :

नाम थर :

पद :

मिति :

कार्यालयको छाप :

आज्ञाले,

शत्रुधन साह

निमित्त प्रमुख प्रशासकीय अधिकृत